**नेपाल राष्ट्र बैंक**

**केन्द्रीय कार्यालय**

**मानव संसाधन व्यवस्थापन विभाग**

# दरखास्त फाराम भर्ने सम्बन्धी सूचना

यस बैंकमा रिक्त रहेका निम्न पदहरु खुला प्रतियोगिताद्वारा पूर्ति गर्नुपर्ने भएकोले योग्य नेपाली नागरिकहरुबाट मिति २०८०/९/६ देखि विद्युतीय माध्यममार्फत दरखास्त फाराम पेश गर्न आव्हान गरिएको छ । विद्युतीय माध्यममार्फत दरखास्त फाराम पेश गर्दा बैंकले तोकेको सम्पूर्ण विवरण उक्त दरखास्त फाराममा उल्लेख गरी सोको साथ नेपाली नागरिकताको प्रमाणपत्र, दरखास्त दिने पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र (ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्र, नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सम्बन्धित निकाय/संस्थाबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत), तोकिएका अन्य कागजात/प्रमाणपत्र र हालसालै खिचेको पासपोर्ट साइजको फोटोको विद्युतीय प्रति संलग्न गरी (Scan/Attach) तोकिएको दस्तुर तिरी मिति २०८०/९/२६ सम्म र दोब्बर दस्तुर तिरी मिति २०८०/१०/४ सम्म विद्युतीय माध्यम मार्फत दरखास्त पेश गर्नुपर्नेछ । मिति २०८०/९/२६ भन्दा अगाडि जारी भएका शैक्षिक योग्यताको प्रमाणपत्र (समकक्षता आवश्यक परेमा सो समेत) मात्र आवेदन गर्न ग्राह्य हुनेछ । म्यादभित्र दाखिला नभएको र रित नपुगी आएको दरखास्त उपर कुनै किसिमको कारवाही हुने छैन । झुट्टा विवरण उल्लेख गरी विद्युतीय माध्यम मार्फत दरखास्त फाराम पेश गरेमा सोको जवाफदेही उम्मेदवार स्वयं हुनु पर्नेछ ।

| विज्ञापन नं. | पद | श्रेणी | सेवा | पद संख्या | समूह/पद संख्या | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | |
| ११/२०८० | सहायक निर्देशक | अधिकृत तृतीय | प्रशासन | १ | १ | - | - | - | - | - | - | |
| १२/२०८० | सहायक निर्देशक | अधिकृत तृतीय | प्रशासन | १ | १ | - | - | - | - | - | - | |
| १३/२०८० | सहायक निर्देशक | अधिकृत तृतीय | प्रशासन | १७ | ९ | २ | २ | १ | १ | १ | १ | |
| १४/२०८० | सहायक निर्देशक (लेखा/लेखापरीक्षण) | अधिकृत तृतीय | प्रशासन | ५ | २ | १ | १ | १ | - | - | - | |
| १५/२०८० | सहायक निर्देशक (वाणिज्य कानुन) | अधिकृत तृतीय | प्रशासन | २ | १ | - | - | १ | - | - | - | |
| १६/२०८० | सहायक निर्देशक (सूचना प्रविधि) | अधिकृत तृतीय | प्राविधिक | ६ | ३ | १ | - | १ | १ | - | - | |
| १७/२०८० | सहायक | सहायक द्वितीय | प्रशासन | २० | ११ | ४ | २ | २ | १ | - | - | |
| १८/२०८० | सहायक (कानुन) | सहायक द्वितीय | प्रशासन | ४ | २ | - | १ | १ | - | - | - | |
| १९/२०८० | सहायक (सूचना प्रविधि) | सहायक द्वितीय | प्राविधिक | ११ | ६ | २ | १ | १ | - | १ | - | |

१ **आवश्यक न्यूनतम शैक्षिक योग्यता**

क) विज्ञापन नं. ११/२०८० सहायक निर्देशक : स्वदेशी विश्वविद्यालयबाट अर्थशास्त्र विषयमा स्नातकोत्तर तहमा प्रथम, द्वितीय तथा तृतीय स्थान हासिल गरेको हुनुपर्नेछ ।

ख) विज्ञापन नं. १२/२०८० सहायक निर्देशक : स्वदेशी विश्वविद्यालयबाट व्यवस्थापन विषयमा स्नातकोत्तर तहमा प्रथम, द्वितीय तथा तृतीय स्थान हासिल गरेको हुनुपर्नेछ ।

ग) विज्ञापन नं. १३/२०८० सहायक निर्देशक : मान्यताप्राप्त विश्वविद्यालयबाट अर्थशास्त्र वा व्यवस्थापन वा जनप्रशासन विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको हुनुपर्नेछ ।

घ) विज्ञापन नं. १४/२०८० सहायक निर्देशक (लेखा/लेखापरीक्षण) : मान्यताप्राप्त राष्ट्रिय तथा अन्तराष्ट्रिय चार्टर्ड एकाउन्टेन्ट संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी (CA/ACCA/CPA) परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ ।

ङ) विज्ञापन नं. १५/२०८० सहायक निर्देशक (वाणिज्य कानुन) : मान्यताप्राप्त विश्वविद्यालयबाट कानुनमा स्नातकोत्तर परीक्षा उत्तीर्ण गरेको वा अर्थशास्त्र वा व्यवस्थापन वा जनप्रशासन विषयमा स्नातकोत्तर उत्तीर्ण गरी कानुन विषयमा स्नातक उत्तीर्ण गरेको हुनुपर्नेछ ।

च) विज्ञापन नं. १६/२०८० सहायक निर्देशक (सूचना प्रविधि) : मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्प्युटर, सूचना प्रविधि वा इलेक्ट्रोनिक्स एण्ड कम्यूनिकेशन विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ ।

छ) विज्ञापन नं. १७/२०८० सहायक : मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा दश जोड दुई (१०+२) वा सो सरहको परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ ।

ज) विज्ञापन नं. १८/२०८० सहायक (कानुन) : मान्यताप्राप्त शिक्षण संस्थाबाट कानुनमा दश जोड दुई (१०+२) उत्तीर्ण वा जुनसुकै विषयमा दश जोड दुई (१०+२) उत्तीर्ण गरी कानुन विषयमा न्यूनतम २ शैक्षिक सत्र (Academic Year) भएको माथिल्लो तहको शैक्षिक योग्यता हासिल गरेको हुनुपर्नेछ ।

झ) विज्ञापन नं. १९/२०८० सहायक (सूचना प्रविधि) : मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्प्युटर इन्जिनियरिङ्ग/ कम्प्युटर साइन्स इन्जिनियरिङ्ग/हार्डवेयर इन्जिनियरिङ्ग/इलेक्ट्रोनिक्स कम्युनिकेशन एण्ड इन्फरमेशन इन्जिनियरिङ्ग विषयमा ३ वर्षे डिप्लोमा वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ ।

२ **समावेशीताको आधार :** समावेशी समूहतर्फ फाराम भर्ने उम्मेदवारहरुले आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग र पि.क्षे. को लागि सम्बन्धित निकायले जारी गरेको प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्नेछ ।

३ **तलब भत्ता तथा सुविधा :** बैंकको नियमानुसार हुनेछ ।

४ **उम्मेदवारको उमेर**

क) सहायक निर्देशक पदको लागि दरखास्त दिने अन्तिम मिति (२०८०/९/२६) सम्ममा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ । महिला उम्मेदवारको हकमा दरखास्त दिने अन्तिम मिति (२०८०/९/२६) सम्ममा २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

ख) सहायक पदको लागि दरखास्त दिने अन्तिम मिति (२०८०/९/२६) सम्ममा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ । महिला उम्मेदवारको हकमा दरखास्त दिने अन्तिम मिति (२०८०/९/२६) सम्ममा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

ग) यस बैंकको बहालवाला कर्मचारीहरुलाई उमेरको हद लाग्ने छैन .

५ **परीक्षाको किसिम**

क) विज्ञापन नं. ११/२०८०, विज्ञापन नं. १२/२०८०, विज्ञापन नं. १३/२०८० र विज्ञापन नं. १७/२०८० पदको लागि पूर्व-योग्यता परीक्षा, विषयगत लिखित परीक्षा र अन्तर्वार्ताको माध्यमबाट उम्मेदवारको छनौट गरिनेछ ।

ख) विज्ञापन नं. १४/२०८०, विज्ञापन नं. १५/२०८० र विज्ञापन नं. १८/२०८० पदको लागि विषयगत लिखित परीक्षा र अन्तर्वार्ताको माध्यमबाट उम्मेदवारको छनौट गरिनेछ ।

ग) विज्ञापन नं. १६/२०८० र १९/२०८० पदको लागि विषयगत लिखित परीक्षा, प्रयोगात्मक परीक्षा र अन्तर्वार्ताको माध्यमबाट उम्मेदवारको छनौट गरिनेछ ।

घ) विज्ञापन नं. ११/२०८०, विज्ञापन नं. १२/२०८० र विज्ञापन नं. १३/२०८० पदको लिखित परीक्षा संयुक्त परीक्षा प्रणाली मार्फत सञ्चालन गरिनेछ ।

ङ) पूर्व-योग्यता परीक्षा हुने पदको हकमा पूर्व-योग्यता परीक्षा उत्तीर्ण भएका उम्मेदवारलाई मात्र विषयगत लिखित परीक्षामा समावेश गराईने छ ।

च) विषयगत लिखित परीक्षा उत्तीर्ण भएका उम्मेदवारलाई मात्र अन्तर्वार्तामा सामेल गराईनेछ । तर प्रयोगात्मक परीक्षा हुने पदको हकमा विषयगत लिखित परीक्षा उत्तीर्ण भई प्रयोगात्मक परीक्षामा सामेल भएका उम्मेदवारलाई मात्र अन्तर्वार्तामा सामेल गराईनेछ ।

६ **परीक्षा केन्द्र तथा परीक्षा सञ्चालन**

क) विज्ञापन नं. ११/२०८०, विज्ञापन नं. १२/२०८० र विज्ञापन नं. १३/२०८० को पूर्व-योग्यता तथा विषयगत लिखित परीक्षा एवं विज्ञापन नं. १४/२०८०, विज्ञापन नं. १५/२०८०, विज्ञापन नं. १६/२०८०, विज्ञापन नं. १८/२०८० र विज्ञापन नं. १९/२०८० को विषयगत लिखित परीक्षा लोक सेवा आयोगबाट काठमाण्डौमा सञ्चालन हुनेछ ।

ख) विज्ञापन नं. १७/२०८० पदको पूर्व-योग्यता र विषयगत लिखित परीक्षा लोक सेवा आयोगका धनकुटा, जलेश्वर, काठमाण्डौ, पोखरा, बुटवल, सुर्खेत र दिपायल कार्यालयले तोकेबमोजिमका स्थानबाट सञ्चालन हुनेछ ।

ग) विज्ञापन नं. १६/२०८० र विज्ञापन नं. १९/२०८० को प्रयोगात्मक परीक्षा बैंकबाट सञ्चालन गरिनेछ ।

घ) सम्पूर्ण विज्ञापनहरुको अन्तर्वार्ता बैंकको केन्द्रीय कार्यालयबाट सञ्चालन गरिनेछ ।

७ **पाठ्यक्रम :** सम्पूर्ण पदहरुको पाठ्यक्रम बैंकको वेबसाईटमा उपलब्ध छ ।

८ **परीक्षणकाल अवधि :** महिला कर्मचारीलाई ६ महिना र पुरुष कर्मचारीलाई १ वर्ष ।

९ **निवृत्तिभरण पाउने वा नपाउने :** निवृत्तिभरण पाउने ।

१० **परीक्षा दस्तुर**

क) अधिकृत तृतीय श्रेणीको लागि : कुनै एक समूहको लागि रु.१,०००। (एक हजार रूपैयाँ) र प्रत्येक थप समूहमा सहभागी हुन थप रु.४०० (चार सय रूपैयाँ) ।

ख) सहायक द्वितीय श्रेणीको लागि : कुनै एक समूहको लागि रु.८०० (आठ सय रूपैयाँ) र प्रत्येक समूहमा सहभागी हुन थप रु.३०० (तीन सय रूपैयाँ) ।

ग) रीत नपुगेको कारणले अस्वीकृत हुने आवेदकहरुको परीक्षा दस्तुर फिर्ता हुने छैन ।

११ **परीक्षा दस्तुर बुझाउने प्रक्रिया :** विद्युतीय माध्यममार्फत दरखास्त फाराम पेश गर्दा पोर्टलमा उपलब्ध ConnectIPS तथा अन्य भुक्तानी सेवा प्रदायक मार्फत बुझाउनु पर्नेछ ।

१२ **पदस्थापन :** विज्ञापन १७/२०८० अनुसार नियुक्त हुने कर्मचारीहरुलाई बैंकका प्रदेशस्थित कार्यालयहरुमा पदस्थापन गरिनेछ । अन्य विज्ञापन अनुसार नियुक्त हुने कर्मचारीहरुलाई बैंकको आवश्यकता अनुसार केन्द्रीय कार्यालय वा प्रदेशस्थित कार्यालयहरुमा पदस्थापन गरिनेछ ।

१३ **लिखित परीक्षाको सम्पर्क मिति :** लिखित परीक्षा सम्बन्धी सूचना लोक सेवा आयोगबाट पछि प्रकाशित हुनेछ ।

१४ **दरखास्त पेश गर्ने तरिका :** सम्पूर्ण विज्ञापनहरुको दरखास्त विद्युतीय माध्यममा नेपाल राष्ट्र बैंकको वेबसाईट www.nrb.org.np को CAREER भित्र गई Online Portal for Open Competition वा https://jobs.nrb.org.np/ बाट पेश गर्नुपर्नेछ ।

१५ विद्युतीय माध्यममार्फत दरखास्त फाराम पेश गर्दा कुनै द्विविधा भएमा यस बैंकको टेलिफोन नं. ०१४४१९८०४, ०१४४१९८०५, ०१४४१९८०६, ०१४४१९८०७, एक्सटेन्सन नं. १३८ र १४६ वा ०१४४४१०३६ मा सम्पर्क गरी अथवा यस बैंकको ईमेल career@nrb.org.np मा इमेलमार्फत बुझ्न सकिनेछ ।

१६ यो सूचना तथा उपरोक्त पदहरुको पाठ्यक्रम यस बैंकको website: www.nrb.org.np को CAREER मा राखिएको छ ।

**मिति: २०८०/०९/०६** **कार्यकारी निर्देशक**